# आहारपूरक (डाइटरी सप्लीमेन्ट) खाद्य पदार्थ नियमन कार्यविधि २०७२

**प्रस्तावना :**

सर्वसाधारण जनताको स्वास्थ्य तथा सुविधामा ध्यान दिदै आहारपूरक का रुपमा प्रयोग हुने खाद्य पदार्थहरुमा अवान्छीत मिसावट रोक्न, समिश्रित तत्वहरुको मात्रा सुनिश्चित गर्न र स्वच्छता एवं उचित स्तर कायम राख्न वान्छनीय भएकोले प्रचलित खाद्य ऐनको अधीनमा रही नेपाल सरकार कृषि विकास मन्त्रालयद्वारा यो कार्यविधि बनाई लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : यस कार्यविधिको नाम "आहारपूरक (डाइटरी सप्लीमेन्ट) खाद्य पदार्थ नियमन कार्यविधि २०७२" रहेको छ ।

(क) यो कार्यविधि कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u> : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

क) **"ऐन"** भन्नाले खाद्य ऐन, २०२३ सम्झनु पर्छ ।

ख) **"नियमावली"** भन्नाले खाद्य नियमावली, २०२७ सम्झनु पर्छ ।

ग) **"विभाग"** भन्नाले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई सम्झनु पर्छ ।

घ) **"प्रचलित खाद्य पदार्थ भन्नाले"** साधारणतया हाम्रो दैनिक खानपान तथा रीतिरिवाज र चालचलनमा रहेका खाद्य पदार्थहरूलाई सम्झनुपर्छ । र सो शव्दले खानाको रूपमा प्रयोग गरिने मरमसला तथा खाद्य सम्मिश्रण समेत लाई जनाउनेछ ।

ङ) **"खाद्य, स्वास्थ्य, पोषण वा आहार पुरक" (फुड, हेल्थ, न्युट्रिसनल वा डाइटरी सप्लीमेन्ट)** भन्नाले साधारणतया मानिसको दैनिक खानपानमा थप पोषक तत्वहरूको पूर्तिका लागि प्रयोग हुने खाद्य पदार्थलाई सम्झनु पर्छ र सो शव्दले कार्वोहाइड्रेड, चिल्लो पदार्थ, फ्याट्टी एसिड, भिटामिन, खनिज तत्व वा खनिजतत्व समिश्रण, प्रोटिन, एमिनो एसिड वा इन्जाइम , अन्य पोषक तत्वहरू, वनस्पति तथा प्राणीजन्य स्वास्थ्यवर्द्धक लाभदायक पदार्थहरू वा मानव शरीरमा क्रियात्मक (फङ्सनल) भूमिकामा हुने फाइदाजनक पदार्थहरू सम्मिलित गरी स्वरूप परिवर्तन गरिएका पाउडर, ग्रेनुल, ट्याब्लेट, क्याप्सुल, झोल, जेली, फ्लेक्स, बार जस्ता स्वरूपमा भएका र मुखबाट मात्र सेवन (ओरल एडमिनिस्ट्रेसन) गरिने पदार्थलाई जनाउनेछ ।

(च) **"विशेष आहार प्रयोजनका खाद्यपदार्थ" (फुड फर स्पेसल डाइटरी यूज)** भन्नाले देहायका खाद्य पदार्थलाई सम्झनु पर्छ ।

(१) कम तौल, मोटोपन, मधुमेह, उच्च रक्तचाप आदी जस्ता निश्चित किसिमको शारीरिक अवस्था वा गहुंमा हुने ग्लुटिन पचाउन नसक्ने जस्ता विशेष पोषण अवस्थालाई पूरा गर्न विशेष किसिमले प्रशोधन वा सम्मिश्रण गरिएका र अन्यत्र केही उल्लेख गरिएको अवस्थामा बाहेक चिकित्सक वा विशेषज्ञको सल्लाह बिना पनि सेवन गर्न सकिने खाद्य पदार्थ,

(२) सामान्य स्वास्थ्य तथा पोषण अवस्था सुधारका लागि आम रुपमा उपभोग गरिने पौष्टिक तत्व थप गरिएका (फोर्टिफाइड वा इनरिच्ड) वा पोषक तत्व परिवर्तन गरि कुनै निश्चित किसिमको रोग वा अवस्थाका लागि तोकिएका खाद्य पदार्थ,

(३) यसका साथै औषधीय प्रयोजनका खाद्य वस्तु अन्तर्गत यसै कार्यविधिमा परिभाषित बाहेकका खाद्य पदार्थ ।

(छ) **"विशेष औषधीय वा उपचारात्मक प्रयोजनका खाद्य पदार्थ" (फुड फर स्पेसल मेडिसिनल अर थेराप्युटिक परपस)** भन्नाले देहाय खाद्य पदार्थलाई सम्झनु पर्छ ।

(१) प्रचलित खाद्य पदार्थहरू आंशिक वा पूर्णरूपमा खान नसक्ने वा पचाउन नसक्ने वा सो खानाबाट प्राप्त हुने पोषक तत्वहरू वा तिनका पाच्य तत्वहरु (मेटावोलाईट्स) शरीरले सोस्न नसक्ने, निष्कासन गर्न नसक्ने वा अन्य कुनै किसिमको विरामी अवस्थाबाट पोषक तत्वको आवश्यकता रहेको तर परिवर्तित साधारण आहार वा विशेष आहार प्रयोजनका खाद्यवस्तु वा दुवैको प्रयोगबाट पूरा गर्न नसकिने पोषण आवश्यकता पूरा गर्न विशेष किसिमले सम्मिश्रण तथा प्रशोधन गरी स्वास्थ्यकर्मी वा विशेषज्ञको सल्लाहमा मात्र आंशिक वा पूर्ण आहारका रूपमा प्रयोग गरिने खाद्य पदार्थ,

(२) तौल घटाउन र साधारण आहार (नर्मल डाईट) लाई पूर्णरूपमा विस्थापन गर्ने गरी विशेष किसिमले तयार गरिएको खाद्य पदार्थ ।

(ज) **"न्युट्रासिउटिकल्स"** भन्नाले मानवलाई शारीरिक फाइदा (फिजियोलोजीकल वेनिफिट) हुने वा कुनै दीर्घरोग (कोनिक डिजीज) बाट बचाउने गुण भएको, खाद्य तथा अन्य श्रोतबाट निकालिएका वा शुद्ध पारिएका प्राकृतिक रासायनिक पदार्थहरूलाई पाउडर, ग्रेनुल, ट्याब्लेट, क्याप्सुल, झोल, जेली जस्ता विभिन्न स्वरूपका खाद्य ढाचामा तयार गरी तोकिएको मात्रामा प्रयोग गर्ने गरी तयार गरिएका खाद्य पदार्थ सम्झनु पर्छ ।

(झ) **"विशेष पोषण प्रयोजनका खाद्य पदार्थ" (फुड फर स्पेसल न्युट्रिसनल परपस)** भन्नाले देहायका खाद्य पदार्थलाई सम्झनु पर्छ ।

(१) पुरक (सप्लेमेन्ट) वा पौष्टिक प्रयोजनका लागी समेत प्रयोग गर्न सकिने भनि दावी गरिएका साधारण खानपानका लागी तयार गरिएका खाद्य पदार्थहरु जसले नियमित खानपानमा पोषक तत्वहरुको आवश्यकतालाई परिपूरण (सप्लेमेन्ट) मात्र गर्छन,

(२) माथीको परिभाषा झ (१) अनुरूपका खाद्य पदार्थहरू विशेषरूपले नियमित खानपानलाई परिपूरण (सप्लेमेन्ट) गरी साधारण स्वास्थ्य सुधार गर्न वा कुनै शारीरिक फाइदा ( फिजियोलोजीकल वेनिफिट) वा विरामी अवस्थामा साधारण सुधार ल्याउन उत्पादन गरिएका हुन्छन् ।

(ञ) **"स्वास्थ्य सम्बन्धी दाबी (हेल्थ क्लेम) भन्नाले"** देहाय वमोजीम सम्झनु पर्छ ।

(१) खाद्य पदार्थ वा त्यस खाद्य पदार्थको कुनै खाद्य तत्व (फुड कन्सटिच्युएन्ट) वा समिश्रित पोषक तत्व र मानव स्वास्थ्यबीच कुनै सम्वन्ध छ भन्ने कुनै भनाइ, दाबी, सल्लाह वा चिन्ह,

(२) शरीरको बृद्धि, विकास र सामान्य क्रिया (जेनरल फङसन) हरूमा पोषक तत्वको क्रियात्मक भूमिका (फङसनल रोल) छ वा क्रियात्मक दाबी (फङसनल क्लेम) उल्लेख गरिएको,

(३) स्वास्थ्यप्रति सकारात्मक सहयोग वा स्वास्थ्यमामा सुधार गर्ने वा स्वास्थ्यको रूपान्तरण अथवा स्वास्थ्यको रक्षा गर्नुसँग सम्बन्धित दावी,

(४) कुनै खाद्य तत्वको उपभोगबाट रोगको जोखिम कम गर्ने, कुनै रोग बृद्धि हुने जोखिम कम गर्ने वा स्वास्थ्य सम्बन्धि अवस्थावारे दाबी गरिएका कार्यलाई ।

(ट) **"पोषणसम्बन्धी दाबी"** भन्नाले कुनै भनाई, दाबी, सल्लाह वा चिन्ह जसले खाद्य पदार्थमा शक्ति, प्रोटिन, फ्याट, कार्बोहाइड्रेट, भिटामिन, खनिज तत्व, फाइवर र वा एन्टिअक्सिडेन्ट जस्ता पौष्टिक महत्वका तत्वहरु छन् भन्ने दावी लाई सम्झनु पर्छ ।

(ठ) **"जोखिम कम गर्ने"** भन्नाले कुनै रोग वा स्वास्थ्य सम्बन्धी अवस्थाको लागि कुनै ठूलो जोखिमका कारणमा महत्वपूर्ण रूपमा परिवर्तन हुनु भन्ने वुझाउँछ ।

## परिच्छेद २

## उत्पादन, बिक्री वितरण, आयात निर्यात सम्बन्धी व्यवस्था

३. **उत्पादन विक्री वितरण आयात निर्यात गर्न नपाईने** : यस कार्यविधि वमोजीमका खाद्य पदार्थहरू खाद्य, स्वास्थ्य, पोषण वा आहार पुरक, विशेष आहार प्रयोजनका खाद्य पदार्थ, विशेष औषधीय वा उपचारात्मक प्रयोजनका खाद्यपदार्थ, न्युट्रासिउटिकल्स्, विशेष पोषण प्रयोजनका खाद्यपदार्थ लगायत यस्तै प्रकार र उद्देश्यले उत्पादित खाद्य पदार्थहरू यस कार्यविधि वमोजिम नभएको अवस्थामा उत्पादन, प्याकिङ, बिक्री, वितरण, आयात, निर्यात तथा भण्डारण गर्न पाइने छैन ।

४. **फर्मुलेसन सम्वन्धमा** : दफा ३ मा उल्लिखित खाद्य पदार्थहरूको फर्मुलेसन खाद्य पोषणका सिद्धान्तमा आधारित भई आवश्यकता अनुसार प्रमाणित वैज्ञानिक तथ्यहरूद्धारा पुष्टी भएको हुनु पर्नेछ ।

५. **निषेधीत सम्मिश्रण सम्वन्धमा** : दफा ३ मा उल्लिखित खाद्य पदार्थहरूमा हरमोन्स, स्टेरोइड्स्, वा साइकोट्रपिक सम्मिश्रणका रूपमा प्रयोग गर्न पाइने छैन ।

६. **फुड सप्लीमेन्ट वा यस्तै वाक्य प्रयोग गर्न नपाउने सम्वन्धमा** : खाद्य पदार्थहरूमा कुनै विशेष किसिमले परिवर्तन नगरिएका तर प्राकृतिक रूपमा नै रहेका पोषक तत्वहरूले कुनै निश्चित पोषण अवस्थामा प्रयोग गर्न सकिने खाद्य पदार्थहरूलाई खाद्य, स्वास्थ्य, पोषण वा आहार पुरक, विशेष आहार प्रयोजनका खाद्य पदार्थ, विशेष औषधीय वा उपचारात्मक प्रयोजनका खाद्यपदार्थ, विशेष औषधीय प्रयोजनका खाद्य पदार्थ, न्युट्रासिउटिकल्स्, विशेष पोषण प्रयोजनका खाद्यपदार्थ स्पेसल डाइटरी वा स्पेसल डाइटेटिक वा अन्य यस्तै वाक्यांशहरू प्रयोग गर्न पाइने छैन ।

७. **स्वच्छता वा जोखिम मुल्याङ्कन सम्वन्धमा** : दफा ३ मा उल्लिखित खाद्य पदार्थहरू उत्पादक, वितरक वा आयातकर्ता, बिक्रेतालाई प्रयोग गरिएको वा थप गरिएका पोषक तत्वहरू वा खाद्य पदार्थलाई परिवर्तन गरिएको बारेमा विभागले सो को स्वच्छता वा जोखिम मुल्याङ्कन गर्न लगाउन सक्नेछ ।

८. **सम्मिश्रित पोषक तत्वहरुको मात्रा सम्वन्धमा** : दफा ३ मा उल्लिखित खाद्य पदार्थहरूमा प्रयोग हुने भिटामिन, मिनरल्स तथा अन्य पोषक तत्वहरुको मात्रा उल्लेख नगरेको अवस्थामा उत्पादकले सिफारिस गरे वमोजीमको प्रतिदिन उपभोग गर्दा रिकमेन्डेड डाइटरी अलाउन्सको कम्तिमा १५ प्रतिसत हुनु पर्नेछ र अन्य अवस्थामा पोषक तत्वको रिकमेन्डेड डाइटरी अलाउन्स (आर डि ए) वा उच्चतम् खुराक (म्याक्सिमम डोज) भन्दा बढी हुनु हुँदैन । नेपालका लागि आर डि ए र उच्चतम् खुराक तोकिएका पोषक तत्वका लागि सोहीअनुसार हुने र आर डि ए र उच्चतम् खुराक नतोकिएका पोषक तत्वका लागि विश्व स्वास्थ्य संगठन (वोर्ल्ड हेल्थ अर्गानाइजेसन) तथा संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन (फूड एन्ड एग्रीकल्चर अर्गनाइजेसन अफ युनाइटेड नेसन्स, एफएओ) वा भारतिय आयुर्विज्ञान अनुसन्धान परिषद (इन्डियन काउन्सिल अफ मेडिकल रिसर्च) ले तोकेवमोजिम हुनेछ ।

९. **शुद्धता वा स्वच्छता मापदण्ड सम्वन्धमा** : दफा ३ मा उल्लिखित खाद्य पदार्थहरूमा प्रयोग हुने विभिन्न पोषक तत्वहरू, भिटामिन र खनिजतत्व समेतको शुद्धता वा स्वच्छता मापदण्ड विभागले कायम गरी जारी गर्न सक्नेछ तर यसरी जारी भइनसकेको अवस्थामा अन्तर्राष्ट्रिय खाद्य गुणस्तर तोक्ने संस्था कोडेक्स एलिमेन्टरियस कमिसनले तोकेवमोजिम हुनेछ । यसका साथै लेवलमा दावी गरिएको पोषण तत्वहरुको मात्रा दावी गरे वमोजिम हुनु पर्नेछ सो दावी पोषण तत्वहरु को विष्लेषण विधि अनुसार हुने सीमा भित्र रहेमा मान्य हुनेछ ।

१०.**उपभोग विधि सम्वन्धमा** : दफा ३ मा उल्लिखित खाद्य पदार्थहरूमा प्रयोग भएको लेबल वा साथै रहेका पर्चा वा अन्य लेबलिङ वा प्रचारप्रसार मार्फत खाद्य पदार्थको प्रकार का साथै उपभोग गर्ने विधि र लागु हुने भए प्रयोग गर्दाको बखतका सावधानी लगायतका सूचना वा जानकारी लक्षित समूहले वुझ्ने गरी उपयुक्त ढाँचामा राख्नुपर्छ ।

११. **आयात सम्बन्धी व्यवस्था** : दफा ३ मा उल्लिखित खाद्य पदार्थहरूको आयात निम्नानुसार गर्नु पर्नेछ-

(क) आयात गर्नुपूर्व कृषि विकास मन्त्रालयको आयात निर्यात निरिक्षण तथा गुण प्रमाणीकरण निर्देशिका, २०६३ अनुसार विभागबाट अनिवार्य रुपमा आयात स्वीकृति लिनु पर्नेछ ।

(ख) आयातीत खाद्य पदार्थ भन्सार नाकामा आइपुगेपछि विभाग वा मातहतका कार्यालयहरू वाट जाँचपास गरी आयात गर्नुपर्नेछ ।

(ग) विदेशस्थित उत्पादकको आधिकारिक बिक्रेताले मात्र यस्ता खाद्य पदार्थहरू आयात गर्न सक्नेछन । यस्ता आधिकारिक बिक्रेता एक वा एकभन्दा बढी हुन सक्नेछन् ।

१२. **निर्यात सम्बन्धी व्यवस्था** : दफा ३ मा उल्लिखित खाद्य पदार्थहरूको निर्यात सम्वन्धि व्यवस्था नेपाल सरकार, कृषि विकास मन्त्रालयको आयात निर्यात निरिक्षण तथा गुण प्रमाणीकरण निर्देशिका, २०६३ अनुसार हुनेछ ।

१३. **उत्पादन दर्ता सम्वन्धमा** : दफा ३ मा उल्लिखित खाद्य पदार्थहरू उत्पादन तथा आयात गर्नुपूर्व यस्ता उत्पादनहरू विभागमा दर्ता हुनु पर्नेछ । विभागले तोकिएको ढाँचामा उत्पादन दर्ता प्रमाणपत्र जारी गर्नेछ । उत्पादन दर्ता गर्न तोकिएको ढाँचामा निवेदनसाथ नियमावलीको नियम २८ मा अनुज्ञापत्र जारी दस्तुर वमोजीम उत्पादन दर्ता दस्तुर लाग्नेछ साथै निम्न विवरण खुलेको कागजात संलग्न गराउनु पर्नेछ । उत्पादन दर्ता नविकरण नियमावलीको नियम ३१ "अनुज्ञापत्र बहाल रहने अवधि र नवीकरण" बमोजीम हुनेछ । स्वदेशी उत्पादनको हकमा उत्पादन दर्ता दस्तुर लाग्ने छैन ।

(क) उत्पादन उद्योग, सो देशको खाद्य स्वच्छता नियमन गर्ने निकायबाट त्यस्ता उत्पादनहरु उत्पादन तथा उद्योग सञ्चालन गर्ने अनुमति पत्र प्राप्त ।

(ख) उत्पादनको फर्मुलेसन र सोको आवश्यक वैज्ञानिक आधार ।

(ग) प्रयोग गरिएका एक्टिभ इन्ग्रेडिएन्ट्स् र सो को विश्लेषण विधि ।

(घ) उत्पादन विधि र सोको फ्लोचार्ट ।

(ङ) उत्पादनको गुणस्तर तथा स्वच्छता मापदण्ड (उद्योग स्तर) ।

(च) उत्पादनको प्याकेट डिजाइन तथा प्रयोग गरिएको लेबल ।

(छ) उक्त उद्योगले उत्पादन प्रकृयामा असल उत्पादन अभ्यास (गुड म्यानुफ्याक्चरीङ प्राक्टिस, जिएमपी) लागू गरेको ।

(ज) उत्पादक देशको खाद्य स्वच्छता नियामक निकायबाट मान्यता प्राप्त प्रयोगशाला वा एक्रिडिटेड प्रयोगशालामा परीक्षण गरी लेबलमा दाबी गरिएका पोषक तत्वहरू तथा स्वच्छता मापदण्ड विश्लेषण भएको ।

(झ) सम्बन्धित देशमा बिक्री वितरणका लागि कुनै बन्देज नभएको ।

(ञ) नेपालमा बिक्री वितरणका लागि तोकिएको आधिकारिक बिक्रेता वा आयातकर्ता ।

(ट) यसका अलावा आवश्यकताअनुसार माग गरिएका थप कागजातहरू ।

१४. **उत्पादन दर्ता नमुना विश्लेषण** : दफा १३ वमोजीम उत्पादन दर्ता गराउन चाहेको प्रत्येक उत्पादनको नमूना पेश गर्नु पर्नेछ । विश्लेषण आवश्यक देखिए स्वदेश वा विदेशका प्रयोगशालाहरूमा गराइनेछ र सोको विश्लेषण दस्तुर आयातकर्ताले वुझाउनु पर्नेछ ।

१५. **आयात स्वीकृतिसम्बन्धी व्यवस्था** : दफा ११ को उपदफा (क) वमोजिमको आयात स्वीकृतिका लागि निवेदनसाथ निम्नवमोजिमका कागजात संलग्न हुनु पर्नेछ ।

(क) उत्पादन उद्योग, सो देशको खाद्य स्वच्छता नियमन गर्ने निकायबाट त्यस्ता उत्पादनहरु उत्पादन तथा उद्योग सञ्चालन गर्ने अनुमति पत्र प्राप्त ।

(ख) उत्पादनको फर्मुलेसन र सोको आवश्यक वैज्ञानिक आधार ।

(ग) प्रयोग गरिएका एक्टिभ इन्ग्रेडिएन्ट्स् र सो को विश्लेषण विधि ।

(घ) उत्पादन विधि र सोको फ्लोचार्ट ।
(ङ) उत्पादनको गुणस्तर तथा स्वच्छता मापदण्ड (उद्योग स्तर) ।
(च) उत्पादनको प्याकेट डिजाइन तथा प्रयोग गरिएको लेबल ।
(छ) उक्त उद्योगले उत्पादन प्रकृयामा मान्यताप्राप्त असल उत्पादन अभ्यास (गुड म्यानुफ्याक्चरीङ प्राक्टिस, जिएमपी) लागू गरेको ।
(ज) उत्पादक देशको खाद्य स्वच्छता नियामक निकायबाट मान्यता प्राप्त प्रयोगशाला वा एक्रिडिटेड प्रयोगशालामा परीक्षण गरी लेबलमा दाबी गरिएका पोषक तत्वहरू तथा स्वच्छता मापदण्ड विश्लेषण भएको ।
(झ) सम्बन्धित देशमा बिक्री वितरणका लागि कुनै बन्देज नभएको ।
(ञ) नेपालमा बिक्री वितरणका लागि तोकिएको आधिकारिक बिक्रेता वा आयातकर्ता ।
(ट) यसका अलावा आवश्यकताअनुसार माग गरिएका थप कागजातहरू ।

१६. **आयात स्विकृती नमूना विष्लेषण** : दफा १५ वमोजीमको आयात स्वीकृतिका लागि आयात गर्न चाहने खाद्य पदार्थको नमूना पेश गर्नु पर्नेछ । विश्लेषण आवश्यक देखिए स्वदेश वा विदेशका प्रयोगशालाहरूमा विश्लेष्ण गराइनेछ र सोको विष्लेषण दस्तुर आयातकर्ताले बुझाउनु पर्नेछ ।

१७. **उद्योग स्थापना सम्बन्धी व्यवस्था** : दफा ३ मा उल्लिखित खाद्य पदार्थहरूको उद्योग स्थापना तथा सञ्चालन ऐन तथा नियमावली अनुसार अनुज्ञापत्र लिई गर्नुपर्नेछ । उत्पादनहरुको दफा १३ वमोजीमको उत्पादन दर्ता अनिवार्य रुपमा गर्नु पर्छ । यस्ता खाद्य पदार्थहरू उत्पादन गर्ने उद्योग स्थापना गर्न निम्न शर्तहरू थप पूरा गरि सोको कागजात पेश गर्नु पर्नेछ ।

(क) उत्पादन प्रकृयामा असल उत्पादन अभ्यास लागू गरीएको कागजात ।
(ख) उत्पादनको फर्मुलेसन र सोको आवश्यक वैज्ञानिक आधार को कागजात ।
(ग) प्रयोग गरिएका एक्टिभ इन्ग्रेडियन्ट्स् र सोको विश्लेषण विधि ।
(घ) उत्पादन विधि र सोको फ्लोचार्ट ।
(ङ) उत्पादनको गुणस्तर तथा स्वच्छता मापदण्ड (उद्योग स्तर) ।
(च) उत्पादनको प्याकेट डिजाइन तथा प्रयोग गरिएको लेवल ।
(छ) विश्लेषण गर्न आवश्यक उपकरणसहित प्रयोगशालाको व्यवस्था ।
(ज) प्राविधिक दक्ष जनशक्तिको ब्यवस्था ।
(झ) यसका अलावा आवश्यकताअनुसार माग गरिएका थप कागजातहरू ।

## परिच्छेद ३

## लेबल सम्बन्धी व्यवस्था

१८. **लेबलसम्बन्धी व्यवस्था** : दफा ३ मा उल्लिखित खाद्य पदार्थहरूको लेबल नियमावलीको नियम १८ मा भएवमोजिमको हुनुको साथै निम्नानुसारको विवरण खुलेको हुनु पर्नेछ ।

(क) पहिचान विवरण सम्वन्धमा: खाद्य, स्वास्थ्य, पोषण वा आहार पुरक, विशेष आहार प्रयोजनका खाद्यवस्तु, विशेष औषधीय प्रयोजनका खाद्यवस्तु, न्युट्रासिउटिकल्स् वा विशेष पोषण प्रयोजनका खाद्यवस्तु के हो सोको सही उत्पादन पहिचान विवरण हुनुपर्छ ।
(ख) पोषक तत्वको मात्रा (सप्लीमेन्ट फ्याक्ट) सम्वन्धमा: भिटामिन मिनरल, प्रोटीन, धातु वा धातुको कम्पाउण्ड, एमिनो एसिड वा इन्जाइम को मात्रा, थपिएको वा इनरिच गरिएको दाबी गरिएकोमा सो मात्रा कति हो ( सप्लीमेन्ट फ्याक्ट), प्रत्येक पोषक तत्वका लागि उल्लेख भएको हुनु पर्नेछ ।

(ग) लेवलमा खुलाउनुपर्ने व्याक्यांस: "औषधीय प्रयोजनका लागि होइन" (नट फर मेडिसिनल परपस) वा कुनै रोग को निदान, उपचार वा रोकथाम का लागी होइन (नट इन्टेन्डेड टु डाईग्नोज, ट्रिट, क्युर अर प्रिभेन्ट एनि डिजिज) भन्ने आशयको वाक्यांश स्पष्टसँग देखिने गरी लेखिएको हुनुपर्छ । यसका साथै पोषणविद, स्वास्थ्यकर्मी वा विशेषज्ञको सल्लाह वमोजीम प्रयोग गर्न सकिने आवश्यकता अनुसार उल्लेख गर्न सकिनेछ ।

(घ) उपभोग मात्रा खुलाउने सम्वन्धमा : एक दिनमा कति पटक कति मात्रामा खाने हो स्पष्ट उल्लेख भएको हुनुपर्छ । यसका साथै एक बट्टाबन्दी प्याकले कति पटक खान पुग्छ सो पनि खुलेको हुनुपर्छ ।

(ङ) प्रयोग सम्वन्धमा: कुन उद्देश्यका लागि, कुन लक्षित उपभोक्ता समूह र कुन फिजियोलजिकल समस्या वा रोगको अवस्थाका लागि प्रयोग गरिने हो सो लागु हुने भए उल्लेख गर्न सकिनेछ ।

(च) एक दिनमा खाइने मात्रा सम्वन्धमा: प्रयोग भएका डाइटरी सम्मिश्रणहरू रिकमेन्डेड डाइटरी अलावन्सका आधारमा एक दिनमा कति प्रतिशत खाइन्छ सो खुलेको हुनु पर्नेछ ।

(छ) चेतावनी सन्देश सम्बन्धमा : आवश्यकतानुसार प्रत्येक प्याकको लेबलमा चेतावनी सन्देश राख्नु पर्नेछ ।

(ज) स्वास्थ्य तथा पोषण दावी राख्ने सम्वन्धमा : यस कार्यविधि वमोजिम स्वीकृत स्वास्थ्य वा पोषण दाबी राख्न सकिनेछ ।

## परिच्छेद ४

## विविध

१९. स्वास्थ्य तथा पोषण दावीहरु निर्धारण सम्वन्धमा : स्वास्थ्य तथा पोषणसम्बन्धी दाबीहरू वैज्ञानिक तथ्य तथा प्रमाणहरूका आधारमा हुनेछन् । कोडेक्स एलिमेन्टरियस, विश्व स्वास्थ्य संगठन, संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठन ले तय गरेका तथा अन्य अन्तर्राष्ट्रिय प्रचलनहरूलाई थप आधार मानी यस्ता दाबीहरू निर्धारण गरिने छन् ।

२०. स्वास्थ्य तथा पोषण दावी प्रमाणीत सम्वन्धमा : स्वास्थ्य तथा पोषण सम्बन्धी दाबीहरू उत्पादन भएको देशको सम्वन्धित निकायबाट प्रमाणित भएको हुनु पर्नेछ ।

२१. खाद्य योगशील तथा परिरक्षीको प्रयोग सम्वन्धमा : खाद्य योगशील र परिरक्षी ऐन तथा नियमावलीमा तोकेवमोजिम प्रयोग गर्न सकिनेछ । ऐन नियमावलीमा तोकि नसकेका खाद्य योगशील र परिरक्षी कोडेक्स एलिमेन्टारियस कमिसनमा तोके वमोजिम प्रयोग गर्न सकिनेछ ।

२२. गुणस्तर तथा स्वच्छता सम्वन्धमा : गुणस्तर तथा स्वच्छताका मापदण्डहरु ऐन तथा नियमावलीमा तोकिए वमोजिम हुनेछ । साथै तोकिइ नसकेकामा कोडेक्स एलिमेन्टारियस कमिसनले तोकेवमोजिम हुनेछ ।

२३. अनुगमन निरीक्षण तथा प्रयोगशाला परीक्षण सम्वन्धमा : प्रचलिन कानून वमोजिम हुनेछ ।

२४. उपभोग्य अवधि सम्वन्धमा : उपभोग्य अवधि समाप्त भएका खाद्य पदार्थहरु विक्रि वितरण गर्न पाईनेछैन ।

२५. कार्यविधि वमोजिम गर्नुपर्ने : नेपालमा संचालित दफा ३ मा उल्लेखीत खाद्य पदार्थ उत्पादन गर्ने उद्योग तथा उत्पादित खाद्य पदार्थका सम्वन्धमा यो कार्यविधि लागू भएको मितीले ६ महिना भित्रमा यस कार्यविधि वमोजिम हुने गरि कार्य गर्नुपर्नेछ ।

२६. बाधा अड्चन फुकाउ : यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा अड्काउ परेमा नेपाल सरकार, कृषि विकास मन्त्रालयले वाधा अड्काउ फुकाउन सक्नेछ ।

२७. प्रचलित कानुन वमोजिम गर्न वाधा नपर्ने : यस कार्यविधिमा उल्लेख गरिएका कुनै प्रावधानले प्रचलित कानुन वमोजीम कारवाही हुने कुरामा वाधा परेको मानिने छैन ।

# आहारपूरक (डाइटरी सप्लीमेन्ट) खाद्य पदार्थ नियमन कार्यविधि २०७२

नेपाल सरकार

कृषि विकास मन्त्रालय